**आकाशवाणी समाचार- नेपाली**

**मितिः २८ अगष्ट २०२६**

**समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**<u>प्रमुख समाचार</u>**

- आज देशभर रक्षाबंधनको पर्व मनाइँदैछ, यस अवसरमा राष्ट्रपति द्रौपति मूर्मू अनि लोकसभा अध्यक्ष ओम बिरलाले देशवासीलाई शुभकामना दिनु भएको छ।

- प्रधानमन्त्री नरेन्द्र मोदी भोलि दुई दिवसीय उज्बेकिस्तानको भ्रमणमा जानु हुनेछ।

- वित्तमन्त्री निर्मला सीतारमण आजदेखि अमेरिकाको 6 दिवसीय भ्रमणमा रहनुहुनेछ।

- नेपालमा बाढीबाट मृत्यु हुनेको संख्या ३८९ पुगेको छ। हजारौं बेपत्ता व्यक्तिहरूलाई खोज्नको लागि प्रसासनले सक्रिय रूपमा कार्य गरिरहेका छन्।

- भारतीय महिला हक्की टोलीले हिजो नेदरल्याण्ड्समा जर्मनीलाई ३-१ ले पराजित गर्दै एफ.एच.आई विश्वकपमा पाँचौं स्थान हासिल गर्‍यो।

**<u>राष्ट्रपति – रक्षा बन्धन</u>**

आज देशभर रक्षाबंधनको पर्व मनाइँदैछ। यस अवसरमा दिदीबहिनीहरूले आफ्ना दाजुभाइको नाडीमा रंगीन राखी बाँध्छन् र उनीहरूको खुशी, स्वास्थ्य र समृद्धिको लागि प्रार्थना गर्छन्। बदलामा, दाजुभाइहरूले आफ्ना दिदीबहिनीहरूको रक्षा र सहयोग गर्ने वाचा गर्छन् र उनीहरूलाई उपहार दिन्छन्। राष्ट्रपति द्रौपति मूर्मू अनि लोकसभा अध्यक्ष ओम बिरलाले रक्षाबन्धनको अवसरमा देशवासीलाई शुभकामना दिनु भएको छ। राष्ट्रपतिले भन्नु भयो, रक्षा बन्धनको पर्व प्राचीन कालदेखि नै देशको संस्कृति र परम्पराको एक महत्वपूर्ण हिस्सा रहेको छ। राष्ट्रपतिले भन्नु भयो, रक्षा बन्धनमा दिदीबहिनीहरूले आफ्ना दाजुभाइको नाडीमा राखी बाँध्छन्। उहाँले यो पर्वले हरेक सम्बन्ध विश्वास, संवेदनशीलता र पारस्परिक सहयोगमा आधारित हुन्छ भन्ने कुरा सम्झाउने गरेको बताउनु भएको छ। राष्ट्रपति मुर्मुले प्रत्येक नागरिकलाई परिवार र समुदाय भित्रको बन्धनलाई बलियो बनाउन र यो भावनाका साथ 'विकसित भारत' तर्फ अगाडि बढ्न प्रतिज्ञा गर्न आग्रह गर्नु भयो। लोकसभा अध्यक्ष ओम बिर्लाले आज रक्षा बन्धनको अवसरमा देशलाई शुभकामना व्यक्त गर्नु भएको छ। आफ्नो सन्देशमा श्री बिर्लाले यो पर्व दाजुभाइ र दिदीबहिनीहरू बीचको पारस्परिक प्रेम, स्नेह र विश्वासको उत्सव हो भन्नुभएको छ। उहाँले यो पर्व भारतको समृद्ध संस्कृति, पारिवारिक मूल्यमान्यता र प्रेम र आत्मीयताको अटुट बन्धनको प्रतीक भएको बताउनुभएको छ।

**<u>प्रधानमन्त्री- उज्बेकिस्तान</u>**

प्रधानमन्त्री नरेन्द्र मोदी भोलि दुई दिवसीय उज्बेकिस्तानको भ्रमणमा जानु हुनेछ। उज्बेकिस्तानका राष्ट्रपति शव्कत मिर्जियोयेभको निमन्त्रणामा उहाँले तास्कन्दको भ्रमण गर्नु हुनेछ। भ्रमणको क्रममा प्रधानमन्त्रीले दुई देशबीचको रणनीतिक साझेदारीलाई अझ सुदृढ पार्न राष्ट्रपति मिर्जियोयेभसँग प्रतिनिधिमण्डलस्तरीय वार्ता गर्नेछन्।

BYTE

**<u>वित्तमन्त्री- अमेरिका भ्रमण</u>**

वित्तमन्त्री निर्मला सीतारमण आजदेखि अमेरिकाको 6 दिवसीय भ्रमणमा रहनुहुनेछ। आफ्नो भ्रमणको क्रममा, उहाँले शिकागो, एशभिल र न्यूयोर्कको भ्रमण गर्नु हुनेछ।शिकागोमा, वित्तमन्त्री सीतारमणले प्रमुख लगानीकर्ताहरूसँगको गोलमेच सम्मेलनमा भाग लिनु हुनेछ र निजी क्षेत्रका प्रमुख सीईओहरू, अध्यक्षहरू र वरिष्ठ प्रतिनिधिहरूसँग भेट गर्नु हुनेछ। यी बैठकहरूले भारतमा लगानीका अवसरहरू, आर्थिक दृष्टिकोण र भारत र संयुक्त राज्य अमेरिका बीचको व्यापार र लगानी साझेदारीलाई सुदृढ पार्ने बारेमा छलफल गर्नेछन्।सुश्री सीतारमणले शिकागो विश्वविद्यालयमा रहेको पोल्स्की सेन्टर फर इन्टरप्रेन्योरशिप एण्ड इनोभेसनको भ्रमण गर्नु हुनेछ। आफ्नो भ्रमणको क्रममा, वित्तमन्त्रीले शिकागोमा रहेका भारतीय समुदायका सदस्यहरूसँग पनि अन्तरक्रिया गर्नु हुनेछ। वित्तमन्त्री सीतारमणको अध्यक्षतामा भएको बैठकले विश्वव्यापी आर्थिक र वित्तीय मुद्दाहरूमा छलफल गर्न G20 सदस्य देशहरूका वित्तमन्त्रीहरू, केन्द्रीय बैंकका गभर्नरहरू र वरिष्ठ आर्थिक अधिकारीहरूलाई एकसाथ ल्याउनेछ। यो बैठक अगस्ट ३१ र सेप्टेम्बर १ मा हुनेछ।

**बीआईएस एचयूआईडी चांदी**

भारतीय मानक ब्यूरो (बीआईएस) ले चाँदीको गुणस्तर प्रमाणित गर्न १०२ जिल्लाका ३४१ चाँदी परीक्षण र हलमार्किङ केन्द्रहरूमा आफ्नो हलमार्क अद्वितीय पहिचानमा आधारित चाँदीको हलमार्किङ प्रणाली विस्तार गरेको छ। ब्यूरोले चाँदीको गुणस्तर प्रमाणित गर्न १०२ जिल्लाहरूमा ३४१ चाँदीको परख र हलमार्किङ केन्द्रहरू दर्ता गरिसकेको छ। एच.यु.आई.डी. पोर्टल गत वर्ष सेप्टेम्बर १ मा सुरु गरिएको थियो। त्यसबेलादेखि, ७७ लाख भन्दा बढी चाँदीका गहना वस्तुहरू एच.यु.आई.डी. सँग हलमार्क गरिएका छन्। हलमार्किङ प्रणाली अन्तर्गत, छ-अङ्कको एच.यु.आई.डी. ले चाँदीका गहना र कलाकृतिहरूको गुणस्तर निर्धारण गर्दछ।

ब्यूरोले शुद्धता सुनिश्चित गर्न चाँदीका गहना खरीददारहरूलाई बी.आई.एस.दर्ता भएका जौहरीहरूबाट मात्र हलमार्क गरिएका चाँदीका गहनाहरू खरिद गर्न सल्लाह दिएको छ। बी.आई.एस. ले ग्राहकहरूलाई चाँदीका उत्पादनहरू खरिद गर्दा उचित बिल प्राप्त गर्न र भविष्यको सन्दर्भको लागि यसलाई सुरक्षित राख्न आग्रह गरेको छ।

**प्रधानमन्त्री - जनधन**

प्रधानमन्त्री जन धन योजनाले १२ वर्ष पूरा गरेको छ। यो देशमा वित्तीय समावेशीकरणको परिदृश्यलाई रूपान्तरण गर्ने एउटा महत्वपूर्ण उपलब्धि हो। यो योजना २०१४ मा आजैको दिन प्रधानमन्त्री नरेन्द्र मोदीले सुरु गर्नु भएको थियो।

**अमरनाथ यात्रा**

रक्षाबंधनको पर्वसँगै आज श्री अमरनाथ यात्रा समाप्त हुनेछ। यस वर्ष ५७ दिनको तीर्थयात्रा सुरु भएको थियो। महन्त दीपेन्द्र गिरीको नेतृत्वमा पवित्र गुफा मन्दिरमा पवित्र लौरो "छडी मुबारक" को आगमनसँगै यात्रा समाप्त हुन्छ। यस वर्ष पहलगाम र बालताल दुवै मार्गबाट ४ लाख ८० हजार भन्दा अधिक तीर्थयात्रीहरूले तीर्थयात्रा गरे। तीर्थयात्राको क्रममा, भगवान शिवको आशीर्वाद लिन र प्राकृतिक रूपमा बनेको बरफको शिवलिंगको दर्शन गर्न भक्तजनहरू लगभग ३ हजार ८ सय ८८ मिटरको उचाइमा अवस्थित पवित्र अमरनाथ गुफा मन्दिरको भ्रमण गर्छन्।

जम्मू कश्मीरमा वार्षिक बुद्ध अमरनाथ यात्रा पनि आज समाप्त हुनेछ। श्रावण महिनामा आयोजना हुने यस १२ दिनको तीर्थयात्राको क्रममा, भक्तजनहरू जम्मू कश्मीरको पुंछ जिल्लामा रहेको बाबा बुद्ध अमरनाथ मन्दिरमा प्रार्थना गर्न जान्छन्। पुंछ जिल्लाको मण्डी तहसीलको राजपुरा गाउँमा अवस्थित, बाबा बुद्ध अमरनाथ मन्दिर भगवान शिवलाई समर्पित छ।

**गोयल-जापान**

वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले व्यापक आर्थिक साझेदारी सम्झौता (CEPA) को समीक्षाको क्रममा भारतले जापानमा बासमती चामलको लागि बढी बजार पहुँच खोज्ने बताउनु भएको छ। उहाँले खाद्य उत्पादनको निर्यात बढाउने सम्भावनाहरू पनि खोज्ने पनि बताउनु भएको छ।

जापानको ओसाकामा आयोजित लगानीकर्ता र व्यावसायिक रोड शोमा, श्री गोयलले जापानमा बासमती चामलको बढ्दो निर्यात सम्बन्धी उद्योग चिन्ताहरूलाई सम्बोधन गर्नु हुँदै चामल जापानमा संवेदनशील क्षेत्र भएको बताउनु भयो। उनले सीईपीए - को समीक्षाको क्रममा भारतले जापानी सरकारसँग खाद्य क्षेत्रमा बढी सहयोग र बजार पहुँचको बारेमा छलफल गर्ने बताउनु भयो। श्री गोयलले प्रशोधित खाद्य उत्पादन क्षेत्रमा भारतीय निर्यातकर्ताहरूको लागि उल्लेखनीय सम्भावना रहेको बताउनु भयो। वाणिज्य मन्त्रीले भारतको बलियो आर्थिक वृद्धि, लगानी-नेतृत्व सुधारहरू र जापानी व्यवसायहरूको लागि बढ्दो अवसरहरूमा पनि जोड दिनु भयो। उहाँले जापानसँग आर्थिक सम्बन्धलाई अझ बलियो बनाउने र साझा वृद्धि र समृद्धिलाई प्रवर्द्धन गर्ने साझेदारी निर्माण गर्ने आफ्नो प्रतिबद्धता दोहोऱ्याउनु भयो।

## नेपाल बाढ़ी

नेपालमा बाढीबाट मृत्यु हुनेको संख्या ३८९ पुगेको छ। हजारौं बेपत्ता व्यक्तिहरूलाई खोज्नको लागि प्रशासनले सक्रिय रूपमा कार्य गरिरहेका छन्। बेपत्ता हुनेहरूमा २९० भारतीय पर्यटकहरू पनि छन्। गत बुधबार अचानक आएको बाढीले नेपालका तीन जिल्लाहरूमा ठूलो विनाश निम्त्याएको छ। तिब्बती र नेपाली अधिकारीहरूले धेरै विदेशीहरू सहित १ हजार ५०० भन्दा बढी मानिसहरू अझै बेपत्ता रहेको रिपोर्ट गरेका छन्। बेपत्ता हुनेहरूमा मुख्यतया भारत, अमेरिका, मलेसिया, युक्रेन, अष्ट्रेलिया, ब्रिटेन, क्यानडा, दक्षिण कोरिया, सिंगापुर, जर्मनी र रूस गरी ३० भन्दा बढी देशका मानिसहरू समावेश छन्। नेपाल पुलिसका प्रवक्ता काफ्लेले अनुसार, प्रभावित क्षेत्रहरूबाट घाइतेहरू सहित १ हजार ५०० भन्दा बढी मानिसहरूलाई उद्धार गरिएको छ। भोटेकोशी नदीको सहायक नदी ल्हांडे नदीको बहावमा हिमपहिरोले अवरोध पुऱ्याएपछि बाढी आएको हो। बाढी पहिलो पटक चिनियाँ सीमा नजिकै रसुवागढी नजिकैको टिमुरे क्षेत्रमा आएको थियो।

## विदेश मन्त्रालय- नेपाल बाढ़ी

नेपालमा आएको बाढीपछि २९० भारतीय नागरिक सम्पर्कविहीन रहेको विदेश मन्त्रालयले जनाएको छ भने ८४ भारतीयलाई सुरक्षित रूपमा बाहिर निकालिएको छ। यसमा त्रिशुली-१ जलविद्युत परियोजनाका ६३ कर्मचारी र कैलाश मानसरोवर यात्रामा रहेका तमिलनाडुका २१ जना रहेका छन्।

## हक्की- विश्वकप

भारतीय महिला हक्की टोलीले हिजो नेदरल्याण्ड्समा जर्मनीलाई ३-१ ले पराजित गर्दै एफ.एच.आई विश्वकपमा पाँचौं स्थान हासिल गऱ्यो। यो भारतको ५२ वर्षमा उत्कृष्ट प्रदर्शन हो। टोलीले यसअघि १९७४ मा भएको उद्घाटन विश्वकपमा चौथो स्थान हासिल गरेको थियो। जर्मनी विरुद्धको म्याचमा, इशिकाले ४३ औं मिनेटमा पहिलो गोल गरिन्, त्यसपछि नवनीत कौरले ४४ औं र ४७ औं मिनेटमा दुई गोल गरिन्। जर्मनीका लागि लिन क्रिङ्सले ५९ औं मिनेटमा गोल गरिन्। यो प्रदर्शनले अर्को महिना जापानमा हुने एसियाली खेलकुद अघि टोलीको आत्मविश्वास बढाएको छ।